# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७९/०७/२४ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला रूपन्देही, ओमसतिया गाउँपालिकाका अध्यक्षसमेतले माछापोखरी ठेक्का, शैक्षिक सामग्री हस्तान्तरण, मोटरसाइकल खरिद लगायतमा अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत आ.व. २०७४।०७५ को लागि ओमसतिया गाउँपालिकामा मत्स्य ब्लक संचालक समितिको कार्यक्रम अनुदानमध्ये व्यवस्था भएको रकमबाट व्यवसायिक कृषि उत्पादन केन्द्र ब्लक विकास कार्यक्रम संचालन कार्यविधि २०७३, को दफा ६.४ (घ) बमोजिम मिति २०७५।०२।२१ मा ओमसतीया गाउँपालिका र मत्स्य ब्लक संचालक समितिबीच भएको सम्झौता विपरीत पुनःमिति २०७५।०३।२५ मा अध्यक्षको संलग्नतामा सहोदर भाउजु दुर्गा देवी केवटको नाममा रहेको सहानी स-मिल र मत्स्य ब्लक संचालक समितिबीच भएको सम्झौताको रोहबरमा बसी कार्यविधि र सम्झौताबमोजिम मत्स्य ब्लक संचालक समितिको (सार्वजनिक संस्था) नाममा राख्नुपर्ने पचास प्रतिशत सरकारी अनुदान रहेको सार्वजनिक सम्पत्ति ब्याकुलोडर (Backhoe Loader) सो विपरीत अध्यक्षको परिवारको सदस्य संचालक रहेको सहानी स:मिलको नाममा दर्ता भोगचलन गर्ने गराउने मनसायले अनुदानको रु.२०,७५,०००।- (बीस लाख पचहत्तर हजार रुपैयाँ) भुक्तानी दिई/लिई नेपाल सरकारलाई गैरकानूनी हानी पुऱ्याएको पुष्टि हुन आएकोले उक्त भ्रष्टाचार कसूरमा संलग्न देहाय बमोजिमका प्रतिवादीहरुलाई देहाय बमोजिमको सजाय हुन मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा १८ र दफा ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**देहायः**

| सि. नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | ओमसतिया गाउँपालिकाका तत्कालीन अध्यक्ष हिरा केवट (रावल) | ओमसतिया गाउँपालिका, रुन्देही | रु.२०,७५,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुर भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय र बिगो बमोजिमको जरिवाना र हानिनोक्सानी भएको बिगो समेत निजबाट असुल हुन मागदावी लिइएको छ । |
| २. | तत्कालीन प्रमुख प्रशासकीय अधिकृत राजु नेपाल | ओमसतिया गाउँपालिका रुन्देही | रु.२०,७५००० ।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुर भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय र बिगो बमोजिमको जरिवाना र हानिनोक्सानी भएको बिगोसमेत निजबाट असुल उपर हुन मागदावी लिइएको छ । |
| ३. | तत्कालीन लेखापाल रविलाल पाण्डेय | ओमसतिया गाउँपालिका रुन्देही | रु.२०,७५,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुर भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को |

| | | | | |
|---|---|---|---|---|
| | | | | दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय र बिगो बमोजिमको जरिवाना र हानिनोक्सानी भएको बिगोसमेत निजबाट असुल उपर हुन मागदावी लिइएको छ। |
| ४. | तत्कालीन कृषि शाखा प्रमुख सुबोधराज भट्टराई | ओमसतिया गाउँपालिका रुन्देही | रु.२०,७५,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुर भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय र बिगो बमोजिमको जरिवाना र हानिनोक्सानी भएको बिगोसमेत निजबाट असुल उपर हुन मागदावी लिइएको छ। |
| ५. | व्यावसायिक माछा ब्लक संचालक समितिका तत्कालीन अध्यक्ष उमेश केवट | व्यावसायिक माछा ब्लक संचालक समिति ओमसतिया गाउँपालिका रुपन्देही | रु.२०,७५,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम गरी कैद सजाय गरी उक्त बिगोसमेत जफत हुन मागदावी लिइएको छ । |
| ६. | सचिव नरेन्द्र प्रसाद चौधरी | व्यावसायिक माछा ब्लक संचालक समिति ओमसतिया गाउँपालिका रुपन्देही | रु.२०,७५,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम गरी कैद सजाय गरी उक्त बिगोसमेत जफत हुन मागदावी लिइएको छ । |
| ७. | सहानी सःमिल संचालक दुर्गावती केवट | सहानी सःमिल | रु.२०,७५,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा दफा ८ को उपदफा (४) बमोजिमको कसुर भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कैद सजाय गरी उक्त बिगोसमेत जफत हुन मागदावी लिइएको छ । |

प्रवक्ता
श्याम प्रसाद भण्डारी